**" मीठे बच्चे – बाबा र बच्चाहरूको क्रियाकलापमा जुन अन्तर छ त्यसलाई पहिचान गर । बाबा तिमी बच्चाहरूको साथमा खेल्न सक्नुहुन्छ , खान सक्नुहुन्न । "**

**प्रश्नः–** सत्यको सङ्गतले तार्छ, कुसङ्गतले डुबाउँछ– यसको भावार्थ के हो?

**उत्तरः–** तिमी अहिले सत्यको सङ्गत गर्छौ अर्थात् बाबा सँग बुद्धियोग लगाउँछौ भने पार हुन्छौ। फेरि बिस्तारै-बिस्तारै कुसङ्गत अर्थात् देहको सङ्गतमा आउँछौ तब उत्रिंदै जान्छौ किनकि सङ्गको रङ्ग लाग्छ, त्यसैले भनिन्छ, सत्यको सङ्गतले तार्छ, कुसङ्गतले डुबाउँछ। तिमी देहसहित देहको सबै सम्बन्धलाई भुलेर बाबाको सङ्गत गर अर्थात् बाबालाई याद गर, तब बाबा समान पावन बन्छौ।

**ओम् शान्ति ।** अहिले बच्चाहरूको दुईवटा क्लास छन्। यो राम्रो हो– एउटा यादको यात्रा जसबाट पाप काटिँदै जान्छ, आत्मा पवित्र बन्दै जान्छौ र अर्को क्लास हुन्छ ज्ञानको। ज्ञान पनि सहज छ। कुनै कठिनाइ छैन। तिम्रो सेन्टर र यहाँमा फरक हुन्छ। यहाँ त बाबा बस्नु भएको छ र बच्चाहरू छन्। यो मेला हो बाबा र बच्चाहरूको। अरू तिम्रो सेन्टरमा मेला लाग्छ बच्चाहरूको आपसमा, त्यसैले बच्चाहरू सम्मुख आउँछन्। गर्न त याद गर्छन् तर तिमीहरूले सम्मुखमा देख्छौ– तपाईंसँगै बसूँ, तपाईंसँगै बातचित गरुँ...। बाबाले सम्झाउनु भएको छ, बाबा र बच्चाहरूको क्रियाकलापमा अन्तर छ। ख्याल गर, यसमा बाबाको पार्ट के छ र रथको पार्ट के छ? के बाबा रथद्वारा खेल्न सक्नुहुन्छ? हो खेल्न सक्नुहुन्छ। जब भन्छन्, तिमीसँगै बसूँ, तिमीसँगै खाऊँ... किनकि उहाँ स्वयं त खानु हुन्न। बच्चाहरू सँग खेल्नु, कुद्नु त्यो त बाबा स्वयं सम्झनु हुन्छ, दुवैले खेल्नुहुन्छ। गर्ने त सबै कुरा यहाँ तिमीहरू सँग नै हो किनकि उहाँ सुप्रिम शिक्षक पनि हुनु हुन्छ। शिक्षकको त काम हो बच्चाहरूलाई बहलाउनु। इन डोर गेम (कोठे खेल) हुन्छ नि। आजकल त खेलहरू पनि धेरै निस्किएका छन् भिन्न-भिन्न प्रकारका। सबै भन्दा प्रसिद्ध हो पासाको खेल, जसको महाभारतमा वर्णन छ। तर त्यो जुआको रूपमा छ। जुआ खेल्नेलाई पक्रन्छन्। यी सबै भक्ति मार्गका पुस्तकहरूबाट कुरा निकालेका हुन्।

तिमीलाई थाहा छ– यी व्रत-नियम आदि सबै भक्ति मार्गका हुन्। निर्जल बस्छन्, खाना पनि खाँदैनन् त पानी पनि पिउँदैनन्। यदि भक्ति मार्गमा प्राप्ति हुन्छ नै भने पनि अल्पकालको। यहाँ त तिमी बच्चाहरूलाई सबै सम्झाइन्छ। भक्ति मार्गमा धेरै धक्का खान्छन्। ज्ञानमार्ग हो सुखको मार्ग। तिमीले जानेका छौ– हामी सुखको वर्सा बाबाबाट लिइरहेका छौं। भक्ति मार्गमा पनि एकको याद गर्नु पर्छ। एकको पूजा पनि अव्यभिचारी पूजा हो, त्यो पनि राम्रो हुन्छ। भक्ति पनि सतो-रजो-तमो हुन्छ। सबैमा उच्च भन्दा उच्च सतोगुणी हो शिवबाबाको भक्ति। शिवबाबा नै आएर सबै बच्चाहरूलाई सुखधाममा लिएर जानु हुन्छ। जसले धेरै बच्चाहरूको सेवा गर्छन्, पावन बनाउँछन् उनीहरूलाई पुकार्छन् पनि। फेरि भन्छन्– ढुङ्गा-माटोमा हुनु हुन्छ, यो ग्लानि भयो नि। तिमी बच्चाहरूलाई बेहदको बाबाद्वारा राज्य भाग्य मिलेको थियो, फेरि अवश्य मिल्नु छ। तिमीले ज्ञानलाई अलग, भक्तिलाई अलग मान्छौ। राम राज्य र रावण राज्य कसरी चल्छ– यो पनि तिमी नम्बरवार पुरुषार्थ अनुसार जान्दछौ। त्यसैले पर्चा आदि पनि छपाइरहन्छन् किनकि मनुष्यलाई सही ज्ञान पनि चाहियो नि। तिम्रो सबै कुरा हो सत्य।

बच्चाहरूलाई सेवा गर्नु पर्छ। सेवा त धेरै छ। यो ब्याज नै कति राम्रो छ सेवाको लागि। सबै भन्दा ठूलो शास्त्र हो यो ब्याज। अब यी हुन् ज्ञानका कुरा, यसमा सम्झाउनु पर्छ, यो यात्रा अलग हो। यसलाई अजपाजप भनिन्छ। जप्नु केही पर्दैन। भित्र शिव-शिव पनि भन्नु हुँदैन। केवल बाबालाई याद गर्नु छ। यो त जान्दछौ, शिवबाबा बाबा हुनु हुन्छ, हामी आत्माहरू उहाँका सन्तान हौं। उहाँ नै सम्मुख आएर भन्नुहुन्छ– म पतित-पावन हुँ, म कल्प-कल्प आउँछु पावन बनाउन। देहसहित देहका सबै सम्बन्ध छोडेर आफूलाई आत्मा सम्झ। म आफ्नो पितालाई याद गर्यौ भने तिमी पावन बन्छौ। मेरो पार्ट नै हो पतितहरूलाई पावन बनाउने। यो हो बुद्धिको योग अथवा सङ्गत बाबासँग। सङ्को रङ्ग लाग्छ। भनिन्छ, सङ्गतले तार्छ कुसङ्गतले डुबाउँछ... बाबा सँग बुद्धियोग लगाउनाले तिमी पार हुन्छौ। फेरि उत्रन सुरु गर्छौ। उहाँको लागि गाइन्छ, सत्यको सङ्गतले तार्छ... त्यसको अर्थ पनि भक्ति

मार्गकाले जान्दैनन्। तिमीले सम्झन्छौ, हाम्रो आत्मा पतित छ, उहाँ पावन सँग बुद्धियोग लगाउनाले पावन बन्छ। आत्मालाई परमात्मा बाबाको याद गर्नु पर्छ। जब आत्मा पवित्र बन्छ तब शरीर पनि पवित्र बन्छ, सच्चा सुन बन्छ। यो हो यादको यात्रा। योग अग्निबाट विकर्म भस्म हुन्छ, फोहोर निस्किएर जान्छ। तिमीलाई थाहा छ– सत्ययुगी नयाँ दुनियाँमा हामी पवित्र सम्पूर्ण निर्विकारी थियौं, १६ कला सम्पूर्ण पनि थियौं। अहिले कुनै कला बाँकी छैन, यसलाई भनिन्छ राहुको ग्रहण। सारा दुनियाँ, खासगरी भारतखण्डमा राहुको ग्रहण लागेको छ। तन पनि कालो छ, यी आँखाले जे देख्छौ सबै कालो छ। यथा राजा-रानी तथा प्रजा। श्याम-सुन्दरको अर्थ पनि कसैले जान्दैनन्। मनुष्यका कति नाम राखिदिएका छन्। अहिले बाबाले आएर अर्थ सम्झाउनु भएको छ। तिमी नै पहिले सुन्दर फेरि श्याम बन्छौ। ज्ञान चितामा बस्नाले तिमी सुन्दर बन्छौ फेरि पनि यो बन्नु छ, श्यामबाट सुन्दर, सुन्दरबाट श्याम। त्यसको अर्थ बाबाले आत्माहरूलाई सम्झाउनु भएको छ। हामी आत्माहरू एक बाबालाई नै याद गर्छौं। बुद्धिमा आयो हामी बिन्दी हौं। यसलाई भनिन्छ, स्व-अनुभूति। फेरि देख्नको लागि अन्तर्दृष्टि। यी त हुन् बुझ्नु पर्ने कुरा। आत्मालाई सम्झाउनु छ। म आत्मा हुँ, यो मेरो शरीर हो। हामी यहाँ शरीरमा आएर पार्ट खेल्छौं। पहिले-पहिले हामी आउँछौं, ड्रामाको योजना अनुसार। आत्माहरू त सबै हुन्, कसैमा पार्ट कति छ, कसैमा कति। यो बेहदको ठूलो नाटक हो। यसमा कसरी नम्बरवार आउँछन्, कसरी पार्ट खेल्छन्, यो तिमीलाई थाहा छ। पहिले-पहिले देवी-देवता घराना हुन्छ। यो ज्ञान पनि तिमीलाई अहिले छ, यस पुरुषोत्तम संगमयुगमा। पछि फेरि यो केही पनि रहने छैन। बाबा खुद भन्नुहुन्छ, यो ज्ञान प्राय: लोप हुन्छ। कसैलाई पनि यो थाहा छैन– देवी-देवता धर्मको स्थापना कसरी भयो। चित्र त छन् तर ती कसरी स्थापना भए, कसैलाई पनि थाहा छैन। तिमी बच्चाहरूलाई थाहा छ– फेरि तिमी अरूलाई आफू समान बनाउँछौ। धेरै भए भने लाउड स्पिकर पनि राख्नु पर्ने हुन्छ। कुनै युक्ति अवश्य निस्कन्छ। धेरै ठूलो हलको पनि आवश्यकता पर्ने छ। जसरी कल्प पहिले जे जे कर्म गरिएको थियो फेरि त्यही हुन्छ। यो समझमा आउँछ। बच्चाहरूको वृद्धि भइरहन्छ। बाबाले सम्झाउनु भएको थियो– विवाहको लागि जो हल आदि बनाउँछन् उनीहरूलाई पनि सम्झाऊ। यहाँ पनि विवाहको लागि धर्मशाला आदि बनाइरहेका छन् नि। कोही आफ्नो कुलका हुन्छन् भने झट्ट सम्झन्छन्, जो यस कुलका होइनन् उनीहरूले विघ्न पार्छन्। जो यस कुलका हुन्छन् उनीहरूले मान्नेछन्– यिनीहरूले सत्य भन्छन्, जो यस धर्मका हुँदैनन् उनीहरू लडाईं गर्छन्, भन्नेछन् यो त रसम चल्दै आइरहेको छ। अहिले अपवित्र प्रवृत्ति मार्ग छ, फेरि बाबा आउनु भएको छ पावन बनाउन। तिमी पवित्रतामा जोड दिन्छौ त्यसैले कति विघ्न पर्छन्। आगाखाँ छन्, उनको कति मान छ। पोपको पनि मान छ। तिमीलाई थाहा छ– पोप आएर के गर्छन्। लाखौं-करोडौं विवाह गराउँछन्, धेरै विवाह हुन्छन्। पोप आएर विवाह गराउँछन्। यसलाई उनीहरू इज्जत सम्झन्छन्। महात्माहरूलाई पनि विवाहमा बोलाउँछन्। आजकल सगाई पनि गराउँछन्। बाबा भन्नुहुन्छ– काम महाशत्रु हो। यो आदेश निकाल्नु साधारण कुरा होइन, यसमा सम्झाउन ठूलो युक्ति चाहिन्छ। पछि गएर बिस्तारै बिस्तारै बुझ्नेछन्। आदि सनातन हिन्दु धर्मवालाहरू जो छन् उनीहरूलाई सम्झाऊ। उनीहरूले झट्ट बुझ्न सक्छन्– वास्तवमा आदि सनातन देवी-देवता धर्म थियो, नकि हिन्दु। जसरी तिमीले बाबाद्वारा जानेका छौ त्यसैगरी अरूले पनि जानेर वृद्धि भइरहन्छ। यो पनि पक्का निश्चय छ, यो कलम लाग्दै जान्छ। तिमी बाबाको श्रीमतमा यस्ता देवता बन्छौ। यिनीहरू हुन् नयाँ दुनियाँमा रहनेवाला। पहिले तिमीलाई यो कहाँ थाहा थियो कि बाबा संगमयुगमा आएर हामीलाई ट्रान्सफर गर्नुहुन्छ। अलिकति पनि थाहा थिएन। अहिले तिमीले सम्झन्छौ– सच्चा-सच्चा पुरुषोत्तम संगमयुग यसलाई भनिन्छ। हामी पुरुषोत्तम बनिरहेका छौं। अहिले जति पुरुषार्थ गर्छौं त्यति बन्छौं।

हर एकले आफ्नो दिल सँग सोध्नु छ। स्कुलमा कुनै विषयमा कमजोर छन् भने सम्झन्छन् म फेल हुनेछु। यो पनि पाठशाला हो, स्कुल हो। गीता पाठशाला त प्रसिद्ध छ। फेरि त्यसको नाम थोरै-थोरै परिवर्तन गरेका छन्। तिमीहरू लेख्छौ– 'सच्चा गीता, झुटो गीता' त्यसैले पनि बिग्रन्छन्। अवश्य खिटपिट हुन्छ, यसमा डराउने कुरा छैन। आजकल त बस आदिलाई जलाउने, आगो लगाउने यो फेसन भएको छ। जसले जे सिकायो, त्यही सिकेका छन्। पहिले भन्दा धेरै सबै सिकेका छन्। सबैले हड्ताल आदि गरिरहन्छन्। सरकारलाई पनि हर वर्ष घाटा पर्छ त्यसैले ट्याक्स बढाउँछन्। एक दिन बैंकहरूले सबैको खाता खोलिदिन्छन्। अनाज आदिको लागि पनि जाँच गर्ने छन्– कहीँ धेरै त राखेको छैन। यी सबै कुराबाट तिमी मुक्त भयौ। तिम्रो लागि मुख्य हो नै यादको यात्रा। बाबा भन्नुहुन्छ– मेरो यी कुरा सँग कुनै सम्बन्ध छैन। मेरो त केवल काम हो मार्ग बताउनु त्यसपछि तिम्रो दु:ख दूर हुन्छ। अहिले तिम्रो कर्मको हिसाब-किताब चुक्ता हुन्छ। बचेको बिमारी सबै बाहिर निस्किन्छ। पहिलेका रहेका कर्मको हिसाब-किताब चुक्ता हुनु छ। डराउनु छैन। बिमारीमा पनि मनुष्यलाई भगवानको याद दिलाइन्छ नि।

तिमीहरू हस्पिटलमा पनि गएर ज्ञान देऊ– बाबाको याद गरेमा विकर्म विनाश हुन्छ। केवल यस जन्मको कुरा होइन, भविष्य २१ जन्मको लागि हामी ग्यारन्टी गर्छौं, कहिल्यै बिरामी हुनेछैन। एक बाबाको याद गर्नाले तिम्रो आयु लामो हुन्छ। देवताहरूको आयु लामो थियो, निरोगी थिए। अब बाबा तिमी बच्चाहरूलाई श्रीमत दिनु हुन्छ श्रेष्ठ बन्नको लागि। पुरुषोत्तम शब्द त कहिल्यै पनि नभुल। कल्प-कल्प तिमी नै बन्छौ। यस्तो अरू कसैले भन्न सक्दैन। त्यसैले यसरी-यसरी धेरै सेवा गर्न सक्छौ। डाक्टरहरू सँग कुनै पनि समय लिन सक्छौ। नोकरी गर्नेहरूले पनि धेरै सेवा गर्न सक्छन्। बिरामीहरूलाई भन– हाम्रो पनि ठूलो डाक्टर हुनु हुन्छ, अविनाशी बेहदको सर्जन हुनु हुन्छ। हामी उहाँका बनेका छौं जसबाट हामी २१ जन्म निरोगी बन्छौं। स्वास्थ्य मन्त्रीलाई सम्झाऊ– स्वास्थ्यको लागि यति धेरै टाउको किन दुखाउनु हुन्छ। सत्ययुगमा मनुष्य धेरै कम थिए। शान्ति, सुख, पवित्रता सबै थियो।

सारा दुनियाँमा तिमीहरू नै सबैको कल्याण गर्नेवाला हौ। तिमीहरू पण्डा हौ नि। पाण्डव सम्प्रदाय हो। यो कसैको बुद्धिमा हुँदैन। फुड मिनिस्टरलाई सम्झाऊ– सबै भन्दा मुख्य फुड मिनिस्टर त शिवबाबा हुनु हुन्छ। यति धेरै अनाज दिनु हुन्छ जसकारण सत्ययुगमा कहिल्यै अपुग हुनेछैन। अहिले तिमी छौ संगममा। सारा चक्र तिम्रो बुद्धिमा छ त्यसैले तिमीलाई स्वदर्शन चक्रधारी भनिन्छ। अहिले भारत विपन्न बनेको छ। अक्कलवाला आएर अक्कल सिकाइरहनु हुन्छ, यो पनि तिमी बच्चाहरूलाई थाहा छ। अच्छा–

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सा रः–**

१) एक बाबालाई साथी बनाएर तिमी सँगै बसूँ, तिमी सँगै सुनूँ, तिमी सँगै खाऊँ... यो अनुभव गर्नु छ। कुसङ्गत छोडेर सत्यको सङ्गतमा रहनु छ।

२) कर्मको हिसाब-किताबलाई यादको यात्रा र कर्मभोगद्वारा चुक्ता गरेर सम्पूर्ण पावन बन्नु छ। संगमयुगमा स्वयंलाई पूरा परिवर्तन गर्नु छ।

**वरदानः–** प्वाइन्ट स्व रूप मा स्थित भएर मन - बुद्धिलाई नेगेटिभको प्रभावबाट सुरक्षित राख्ने विशेष आत्मा भव

जसरी कुनै सिजन हुन्छ, त्यस सिजनबाट बच्चको लागि त्यसै अनुसार ध्यान राखिन्छ। पानी पर्यो भने छाता, रेनकोट आदिको ध्यान राखिन्छ। जाडो आएपछि न्यानो कपडा राखिन्छ...। त्यस्तै वर्तमान समय मन बुद्धिमा नेगेटिभ भाव र भावना पैदा गर्ने विशेष कार्य मायाले गरिरहेको छ। त्यसैले विशेष सुरक्षाको साधन अपनाऊ। यसको सहज साधन हो– एक बिन्दु स्वरूपमा स्थित हुनु। आश्चर्य र प्रश्न चिन्हको सट्टा बिन्दु लगाउनु अर्थात् विशेष आत्मा बन्नु।

**स्लोगनः–** आज्ञाकारी ऊ हो जसले हर संकल्प, बोल र कर्ममा ‘हुन्छ हजुर’ गर्छ।